# कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन

प्रतिमाकुमारी बराल
त्रि.वि. दर्ता नं : ९-२-२३३-३९-२००५
परीक्षा क्रमाङ्क : २३३०१०७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस नेपाली
विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको
नेपा.शि. ५९८ पाठ्यांशको आवश्यकता
पूरा गर्ने प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

२०७१/**2014**

शिक्षाशास्त्र संकाय सिन्धुली
बहुमुखी क्याम्पस,
सिन्धुली

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको शोधकार्यमा संलग्न विद्यार्थी प्रतिमाकुमारी बरालले स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को लागि **कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र निकै परिश्रमपूर्वक तयार पारिएको छ । यसप्रति म पूर्ण रूपमा सन्तुष्ट छु । प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :

**शोध निर्देशक**

.............................

उपप्रा. भानुभक्त गुरुङ

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय

सिन्धुली बहुमुखी क्याम्पस

ढुङ्ग्रेबास, सिन्धुली

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली भाषाशिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत "कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन" शीर्षकको शोधपत्र आदरणीय गुरु भानुभक्त गुरुङज्यूको निर्देशनमा तयार गरेकी छु । व्यस्त समयका बावजुद अमूल्य समय प्रदान गरी मन वचन र कर्मले कुशल निर्देशन र आवश्यक सल्लाह सुझाव दिनुहुने शोध निर्देशक आदरणीय गुरु भानुभक्त गुरुङप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्रलाई प्रशासन र विभागीय स्वीकृति प्रदान गरी शोधकार्य सम्पन्न गर्न अनुमति दिने साथै सहयोग र सुझाव प्रदान गनुहुने विभागीय प्रमुख गुरु अर्जुनप्रसाद पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै सहयोग गर्नुहुने गुरु देवीप्रसाद सुवेदी र कृष्णप्रसाद निरौलाप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । हाम्रो शोधपत्रको प्रारम्भमा म लगाएत सम्पूर्ण साथीहरूलाई शोधपत्र लेख्न उर्जा प्रदान गनुहुने विनम्र स्वभावका गुरु पारसमणि  भण्डारीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मलाई बाल्यकालदेखि शिक्षाप्रति प्रेरणा जगाएर यथोचित वातावरणका लागि अनवरत रूपमा यस उच्च शिक्षासम्मको बाटोमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभई स्नातकोत्तर तहसम्म पुऱ्याउन सफल मेरा आदरणीय मातापिता धनेश्वर बराल, लिला बराल र दादा पुष्प बराल अनि भाई प्रकाश बरालप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै काका कृष्णप्रसाद बराल र काकी रूपा बरालप्रति पनि आभार प्रकट गर्न चाहन्छु । प्रस्तुत शोधपत्र तयार पार्नका लागि प्रेरित गर्ने श्रीमान् माधवराज न्यौपाने साथीहरू निर्मला, संगीता, सम्पत, प्रवेश, दीपक, पीताम्वर लगाएत सम्पूर्ण साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोध शीर्षकमा मलाई शुरुदेखि अन्त्यसम्म विद्यालयमा हरदिन महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने यस श्री चन्द्रवति उच्च माध्यमिक विद्यालय बेलघारीका सम्पूर्ण शिक्षक वर्ग तथा कक्षा नौका सम्पूर्ण विद्यार्थीहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै मलाई यो शोधपत्र तयार गर्नका लागि प्रत्यक्ष अप्रत्यक्ष रूपामा सहयोग पुऱ्याउनुहुने सबैलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रको शुद्ध टङ्कन र बँधाइमा सहयोग गर्नुहुने डायनामिक कम्प्युटर सर्भिसलाई विशेष धन्यवाद टक्रयाउँछु । उचित मूल्याङ्कनका लागि यो शोधपत्रलाई नेपाली भाषा शिक्षा विभागसमक्ष पेश गर्दछु ।

<u>शोधार्थी</u>

प्रतिमाकुमारी बराल

# शोधसार

**शोधशीर्षक :** कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन

**शोधकर्ता :** प्रतिमाकुमारी बराल

**शोधनिर्देशक :** उप प्रा. भानुभक्त गुरुङ

**विभाग/क्याम्पस :** सिन्धुली बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग सिन्धुली

**शैक्षिक बर्ष :** २०६६।६८

**अध्याय संख्या :** पाँच

**पृष्ठ संख्या :** १०९+१०+८

**शोधको प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अन्तरर्गत (नेपा. शि. ५९८) को पाठ्यांशको प्रयोजनका लागि तयार परिएको हो । जसमा व्यक्तिगत विभिन्नतालाई ख्याल गर्दै विद्यार्थीहरूमा विभिन्न ज्ञान सीप क्षमता र व्यक्तित्व विकास गराउन निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग गरेर शिक्षण कार्यलाई अगाडि बढाइएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा विविधतामा एकता भएको देश हुनाले विद्यार्थीहरूको भाषिक, सांस्कृतिक, पृष्ठभूमिलाई ध्यान दिँदै उनीहरूको उपचारात्मक पद्धतिबाट शिक्षण गरेर सिकाइमा सुधार ल्याउन जोड दिइएको छ । त्यस्तै सिकाइ सिक्ने क्रममा विद्यार्थीहरू पनि कोही तीक्ष्ण, कोही मन्द त कोही मध्यम खालका हुन्छन् । यस कुरालाई मध्यनजर गर्दै कुन विद्यार्थी कुन कुरामा कमजोर छ, त्यसमा बढी जोड दिंदै उनीहरूलाई अध्यापनका क्रममा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) लाई एकसाथ सिकाउँदै उनीहरूको दैनिक सिकाइ प्रगतिको मूल्याङ्कन गर्दै त्यसको अभिलेख राख्ने कार्य यस शोधपत्रमा गरिएको छ । शिक्षणका क्रममा सबै विद्यार्थीहरूलाई लिखित तथा मौखिक प्रश्न सोधी विद्यार्थीहरूको सिकाइप्रगतिको अभिलेख राखिएको छ । पूर्व परीक्षणको महिनादिन शिक्षण पश्चात प्रथम त्रैमासिक परीक्षा गरी त्यसको अभिलेख राखिएको छ । त्यसपछि पुन पाठगत रूपमा शिक्षण गर्दै त्यसको अन्त्यमा उत्तर परीक्षण गरिएको छ । अर्थात तीन महिनाको शिक्षण पश्चात उत्तर परीक्षण गरिएको हो । यस शोधपत्रमा प्रत्येक परीक्षाबाट प्राप्त उपलब्धिलाई जस्ताको तस्तै उल्लेख गरिएको छ ।

पूर्वपरीक्षणमा भन्दा प्रथम त्रैमासिक परीक्षा र प्रथम त्रैमासिक परीक्षामा भन्दा उत्तर परीक्षणमा सिकाइ उपलब्धिको स्तर उच्च रहेको छ ।

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि सम्बन्धित विद्यालयका कक्षा ९ का ६४ जना विद्यार्थीहरूलाई तीन महिनासम्म शिक्षण गरी अन्त्यमा उत्तर परीक्षण गरेपश्चात उनीहरूमा आएको सिकाइ प्रगति विवरण प्रस्तुत गरिएको छ । शिक्षणका रूपमा कक्षाकार्य, गृहकार्य, अवलोकन तथा प्रत्यक्ष शिक्षणजस्ता विधिको प्रयोग गरिएको छ ।

**शोधको प्रयोजन**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायअन्तर्गत स्नातकोत्तर नेपाली भाषा शिक्षा विभाग एम. एड. दोस्रो वर्षको नेपा. शि. ५९८ को पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको छ ।

**शोधका समस्याहरू**

यस शोधपत्रमा निम्नलिखित समस्याहरूको उल्लेख गरिएको छ :

- सिन्धुली जिल्ला बेलघारी गा. वि.स. वडा नं. २, स्थित श्री चन्द्रावती उच्च माध्यमिक विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको नेपाली सिकाइको आवधिक प्रगतिको निरन्तर लेखाजोखा गर्न के कस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ ?
- विद्यार्थीकेन्द्रित र प्रभावकारी शिक्षण सिकाइबाट देखिने निरन्तर उपलब्धिलाई के कसरी अवलोकन गर्न सकिन्छ ?
- योजनाबद्ध शिक्षण अघि र पछिको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण के-कस्तो रहेको छ ?

**शोधकार्यका उद्देश्यहरू**

यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- मूल्याङ्कनका विभिन्न साधनको प्रयोग गरी विद्यार्थीको सिकाइ प्रगतिको निरन्तर लेखाजोखा गर्नु ,
- अभिलेखका आधारमा विद्यार्थीको निरन्तर उपलब्धिको निर्धारण गर्नु ,
- कक्षा ९ का विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा तीन महिनापछि देखिएको आवधिक प्रगति विवरणको विश्लेषणात्मक र तुलनात्मक अध्ययन गर्नु ।

**शोधकार्यका सीमाहरू**

यस शोधका सीमा निम्नानुसार रहेका छन् :

- प्रत्येक दिन नेपाली विषयको एक घण्टी (४५ मिनेट) को दरले हप्तामा छ घण्टी समय उपयोग गरी गरिएको शिक्षण र मूल्याङ्कनमा मात्र सीमित रहेको,
- यस अध्ययनमा कक्षकार्य र गृहकार्यलाई मात्र कक्षाको निरन्तर मूल्याङ्कनको आधार बनाइएको,
- प्रवेश परीक्षा आवधिक परीक्षा र उत्तर परीक्षण अवधिको समय सीमामा रही अध्ययन कार्य पुरा गरिएको ।

**शोधप्रतिवेदनको प्रारम्भिक रूपरेखा**

यस शोधपत्रलाई पाँच अध्यायमा विभाजन गर्दै ती अध्यायहरूलाई विभिन्न शीर्षक उपशीर्षकमा छुट्याई शोधप्रस्तावको रूपरेखा निम्नानुसार तयार गरिएको छ ।

अध्याय - एक : शोधकार्यको परिचय

अध्याय - दुई : आवधिक प्रगति विवरण तथा भाषिक मूल्याङ्कनको सैद्धान्तिक अध्ययन

अध्याय - तीन : निरन्तर मूल्याङ्कनको व्याख्या तथा विश्लेषण

अध्याय - चार : उत्तरपरीक्षण र यसको पूर्व परीक्षणसँग तुलना

अध्याय - पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

# विषय सूची


| विवरण | पृष्ठ |
|---|---|
| **अध्याय एक** | **१-१२** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | १ |
| १.३ शोधकार्यका उद्देश्यहरू | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ अध्ययनको महत्व र औचित्य | ७ |
| १.६ शोधको सीमा | १० |
| १.७ शोध विधि | ११ |
| १.८ शोधप्रतिवेदनको प्रारम्भिक रूपरेखा | १२ |
| **अध्याय दुई** | |
| **निरन्तर तथा भाषिक मूल्याङ्कनको सैद्धान्तिक अध्ययन** | **१३-३०** |
| २.१ निरन्तर मूल्याङ्कनको परिचय | १३ |
| २.१.१ निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता | १५ |
| २.१.२ निरन्तर मूल्याङ्कन प्रणालीका विशेषताहरू | १८ |
| २.१.३ पूर्वपरीक्षण | १९ |
| २.१.४ उत्तरपरीक्षण | १९ |
| २.१.५ अध्ययनका आधारहरू | १९ |
| २.२ भाषिक मूल्याङ्कनको सैद्धान्तिक अध्ययन | २० |
| २.२.१ भाषिक मूल्याङ्कनको परिचय | २० |
| २.२.२ भाषिक मूल्याङ्कनका सिद्धान्तहरू | २१ |
| २.२.३ भाषिक मूल्याङ्कनका प्रकारहरू | २३ |
| २.२.४ भाषिक मूल्याङ्कनका साधनहरू | २६ |
| २.३ सारांश | ३० |

**अध्याय तिन**

**प्रगति विवरणको अध्ययन विश्लेषण** ३१–७५

३.१ पृष्ठभूमि ३१

३.२ पूर्वपरीक्षण ३१

३.३ कक्षाकार्य, गृहकार्य र अवलोकन विवरण ३५

३.४ पाठगत रूपमा गरिएको सिकाइ उपलब्धिको विवरण ३६

३.५ प्रथम त्रैमासिक परीक्षाबाट प्राप्त नतिजाको तुलनात्मक विवरण ६७

३.६ पूर्वपरीक्षणसँग प्रथम त्रैमासिक परीक्षा मूल्याङ्कनको तुलना ७०

३.७ सारांश ७५

**अध्याय चार**

**उत्तरपरीक्षण र यसको पूर्वपरीक्षणसँग तुलना** ७७–१००

४.१ दोस्रो त्रैमासिक अवधि ७७

४.२ सारांश ९१

४.३ पूर्वपरीक्षण, प्रथम त्रैमासिक परीक्षा र उत्तर परीक्षणको तुलनात्मक अध्ययन ९५

४.४ सारांश १००

**अध्याय पाँच**

**अध्ययनको निष्कर्ष , सुझाव र उपयोगिता** १०२–१०९

५.१ पृष्ठभूमि १०२

५.२ निष्कर्ष १०३

५.३ सुझावहरू १०५

५.४ उपयोगिता १०६

   ५.४.१ नीतिगत तह १०७

   ५.४.२ प्रयोगको तह १०८

५.५ सारांश १०८

५.६ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू १०९

**सन्दर्भसामग्री सूची**

**परिशिष्ट**

शोधपत्रमा उल्लेख भएका तालिका र स्तम्भ लेखाचित्रको सूची :

तालिका नं. १ मा पूर्वपरीक्षणबाट प्राप्त नतिजाको विश्लेषण गरिएको छ ।
तालिका नं २ देखि तालिका नं १५ सम्म यस शोधपत्रमा प्रस्तुत गरिएका पाठहरुबाट विद्यार्थीहरुले हासिल गरेका सिकाइ उपलब्धिको विवरणलाई कक्षाकार्य, गृहकार्य र अवलोकनद्वारा निश्चित मापदण्ड बनाई चित्रात्मक लेखाचित्र र स्तम्भ लेखाचित्रमा समेत प्रस्तुत गरिएको छ भने पाठहरुबीचको उपलब्धिलाई पनि तुलनात्मक रुपमा तालिका र स्तम्भ लेखाचित्रमा देखाइएको छ । कक्षाकार्य, गृहकार्य र अवलोकनलाई क्रमश : ३५, ३५, र ३० पूर्णाङ्कमा विभाजन गरी १०० पूर्णाङ्कमा परीक्षा सञ्चालन गरिएको छ ।

उक्त तालिकामा लगाइएको चिन्हमा एउटा तारा (*) चिन्हले ६०% भन्दा माथि दुईवटा तारा (**) चिन्हले ४०%- ६०% बीच र तिनवटा तारा (***) चिन्हले ४०% भन्दा कम उपलब्धि प्राप्त गरेको संकेत गरिएको छ ।

* = ६०% भन्दा माथि

** = चिन्हले ४०%-६०% सम्म

*** = चिन्हले ४०% भन्दा न्यून

| | |
|---|---|
| पूर्णाङ्क : ३५ | पूर्णाङ्क : ३० |
| उत्कृष्ट अङ्क - २० भन्दा माथि | उत्कृष्ट अङ्क - १८ भन्दा माथि |
| मध्यम अङ्क - १४-२० सम्म | मध्यम अङ्क - १२-१८ सम्म |
| निम्न अङ्क - १४ भन्दा कम | निम्न अङ्क - १२ भन्दा माथि |